नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

खुमलटार, ललितपुर

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमसार्वजनिक गरिएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिसंग सम्बन्धित सूचनाहरुको प्रकाशन**

सूचना सार्वजनिक गरेको अवधिः- २०८० माघ १ देखि २०८० चैत्र मसान्त सम्म ।

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६४ को नियम ३ वमोजिम सार्वजनिक गरिएको राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिसंग सम्बन्धित सूचनाहरुको प्रकाशन

<u>*सूचना सार्वजनिक गरेको अवधि: २०८० माघ १ देखि २०८० चैत्र मसान्त सम्म*</u> ।

**निकायको स्वरुप र प्रकृति:**

- विकास समिति ऐन, २०१३ बमोजिम स्थापना भई राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ बमोजिम श्री वन तथा वाताबरण मन्त्रालय तालुक निकाय रहने गरि मन्त्रालयको राष्ट्रिय गौरबको आयोजनाको रुपमा कार्यक्रम संचालन ।

**निकायको काम, कर्तव्य र अधिकार:**

- राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ र चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा भएको व्यवस्था बमोजिम रहेको ।

**निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**

- समितिको सचिवालय र समिति अन्तर्गतका कार्यक्रम कार्यान्वयन इकाई ५ समेत गरि कुल कर्मचारी दरबन्दी संख्या १२४ रहेको छ र कार्य विवरण राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ बमोजिम रहेको छ ।

**निकायबाट प्रदान गरिने सेवा:**

- विकास समिति ऐन,२०१३,राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा भएको व्यवस्था तथा नेपाल सरकारको प्रचलित ऐन, नियम, निर्देशिका बमोजिम चुरे संरक्षणको कार्य क्षेत्र भित्र रही दिन सक्ने सम्पूर्ण सेवाहरु ।

**सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण यस समितिको वेबसाइट www.chureboard.gov.np मा र नागरिक बडापत्रमा समेत उपलब्ध छ ।

**सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:**

- यस समितिले प्रदान गर्ने चुरे संरक्षण सम्बन्धि विभिन्न प्रकृतिको सेवा सम्बन्धि विवरण यस समितिको नागरिक बडापत्र र वेबसाइट www.chureboard.gov.np मा राखिएको छ ।

**निर्णय गर्ने प्रक्रिया र अधिकारी:**

- यस समितिको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कार्वाहीमा नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्दिशका, २०६५ मा व्यवस्था भए अनुसार निर्णय हुने गरेको छ ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

- यस समितिबाट उपलब्ध गराईएको सेवा उपर चित्त नबुझेको खण्डमा समितिका सदस्य सचिव श्री मेघनाथ काफले समक्ष उजुरी गर्न सकिनेछ ।

**सम्पादन गरेको कामको विवरणः**

- राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१ र चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरुयोजना, २०७४ मा भएको व्यवस्था बमोजिम र सालवसाली रुपमा यस समितिलाई प्राप्त हुने बजेट सिलिङ्गको परिधि भित्र रही तयार गरिएका कार्यक्रमहरु सम्पादन भइरहेको छ ।

**सूचना अधिकारी र प्रमुखको नाम र पदः**

- प्रमुखको नाम र पदः श्री मेघनाथ काफ्ले (सदस्य-सचिव)
- प्रबक्ताः श्री शरद बाबु पगेनी (उप-सचिव प्रा.)
- सूचना अधिकारीः श्री शंकर कुमार गिरी (वन अधिकृत)

**ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- यस समितिको कार्य क्षेत्रसंग सम्बन्धित निम्न बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिका रहेका छन्

१. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन आदेश),२०७१

२. वन ऐन, २०७६

३. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९

४. वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७

५. भू-तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१

६. सार्बजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४

७. नेपाल सरकार वाट राजपत्रमा वातावरणीय सम्बन्धी विभिन्न मितिमा प्रकासित मापदण्ड,कार्यविधि तथा निर्देशिकाहरु

८. विभिन्न समयमा नेपाल सरकारवाट जारी भएका नीति,कार्यनीति,रणनीति,मार्गदर्शन तथा दिग्दर्शन हरु

**बजेट सम्बन्धी विवरणः**

- चालु आ.व. २०८०/८१ मा यस समितिको लागि बिनियोजन भएको कुल बजेट रकम रु १ अर्ब ५ करोड ९ लाख रहेको छ । सम्पूर्ण रुपमा नेपाल सरकारको श्रोतमा समावेश भइ प्राप्त भएको बजेट तथा कार्यक्रम चालु आ.व.को तेश्रो त्रैमासिक अवधिको अन्त्य सम्म यस समितिलाई प्राप्त रु ३६ करोड ५४ लाख ५१ हजार बजेट बिनियोजन भएको छ । तेश्रो त्रैमासिक अवधिमा सम्पन्न भएका कामहरुको भुक्तानी दिंदा रु ३२ करोड ६७ लाख ६५ हजार खर्च भइ ८९.४१ प्रतिशत भौतिक र ५०.१७ प्रतिशत वित्तीय प्रगति भएको अवस्था छ ।

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

**तोकिए बमोजिमका अन्य विवरणः**

- समितिले नियम अनुसार तोकिए बमोजिमका विवरणहरु समेत समितिको वेबसाइटमा अध्यावधिक गर्ने गरिएको ।

**समितिले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदनः**( नीति तथा कार्यक्रमको माइलस्टोन संग सम्बन्धित)

| क्र.सं | प्रमुख क्रियाकलापहरु | असोज महिना सम्मको प्रगति |
|---|---|---|
| १ | विरुवा उत्पादन/खरिद (२ लाख ५० हजार) तथा वृक्षारोपण | सम्पूर्ण कार्यान्वायन इकाईमा गरि २५० हजार वटा बिरुवा उत्पादन खरिद तथा वितरण गर्ने लक्ष्य रहेकोमा हाल सम्म ८२ हजार वटा बिरुवा उत्पादन खरिद कार्य सम्पन्न भएको। |
| २ | ताल तलैया / सिमसार क्षेत्र व्यस्थापन (Checkdam/Dam र Safe drainage निर्माण) (२३ वटा) | बार्षिक लक्ष्य अनुरुप २३ वटा संरचना मध्ये १७ वटाको स्थान छनोट भइ सिमसार क्षेत्र व्यस्थापनको कार्य जारी रहेको। |
| ३ | भूमिगत जल पुर्नभरण/ संरक्षण पोखरी निर्माण तथा संरक्षण (४० वटा) | ४० वटाको संरचना निर्माण/ प्रवर्धन गर्ने बार्षिक लक्ष्य रहेकोमा यस अवधिमा २४ वटा संरचनाको कार्य सम्पन्न भएको। |
| ४ | क्षतिग्रस्त भूमि पुनरुत्थान तथा अन्य संरक्षण कार्य (संरचना निर्माण तथा वृक्षारोपण) (५६ हेक्टर) | ५६ हेक्टरमा संरचना निर्माण तथा वृक्षारोपणका लागि ठेक्का सम्झौता भई कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा ५६ हेक्टरमा प्रारम्भिक कार्य सम्पन्न भएको। |
| ५ | गल्छी, पहिरो, खहरे रोकथाम (Retaining wall/Breast wall/Checkdam निर्माण) (९८ वटा) | यस अवधिमा ७३ वटा गल्छी, पहिरो, खहरे संरचनाको कार्य सम्पन्न भएको। |
| ६ | नदी तथा खोला किनारा स्थिरिकरण/व्यस्थापन (स्पर, डाइक, चेक ड्याम निर्माण) (२१.४१ कि.मि.) | यस अवधिमा १४.८८ कि.मि. नदी तथा खोला किनारा स्थिरिकरणको संरचना निर्माणको कार्य सम्पन्न भएको । |

**सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधीः**

- सूचना वर्गीकरण गरिएको अवस्था नभएको,उपलब्ध र संग्रहित सूचनाहरुको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

**सार्वजनिक निकायमा परेका सूचनाको माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको:**

- यस अवधिमा सूचना मागको लागि व्यक्तिगत रुपमा कुनै उजुरी प्राप्त नभएको तथा संस्थागत रुपमा श्री उद्बोधन गणेशमान चारनाथ नगरपालिका-५ धनुषा बाट नदीजन्य पदार्थ उत्खनन,संकलन को लागि ठेक्का लगाउन यस समितिको निर्णय थियो वा थिएन ? भनि जानकारी मांग भएकोमा निबेदनमा उल्लेखित नदी प्रणालीहरु बाट उत्खनन् तथा संकलनको लागि कुनै सहमति मांग भइ नआएकोले सो सम्बन्धमा यस समितिको कार्यालयबाट कुनै निर्णय सहमति नभएको भनि लिखित जानकारी गराईएको ।यस बाहेक कुनै निवेदन प्राप्त नभएको, कुनै उजुरी दर्ता नभएको र कुनै गुनासो समेत नआएको।यसका अतिरिक्त यस समितिबाट समय समयमा प्रेस कन्फरेन्स तथा छलफल,गोष्ठी जस्ता कार्यक्रम आयोजना गरि चुरे संरक्षण सम्बन्धि भइरहेका विविध गतिबिधि तथा क्रियाकलापहरु एवम आगामी कार्ययोजनाहरुको बारेमा आमसंचारका माध्यमवाट समय समयमा जनमानसमा सूचना तथा विवरणहरु बारम्बार सम्प्रेसण गर्ने गरिएको ।

**सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः**

- समितिबाट भए गरेका कार्यहरुको वार्षिक विवरणहरु,अनुसन्धान सम्बन्धि भएका गतिविधिहरु पुस्तकको रुपमा समेत प्रकाशित गरि समितिको वेबसाइटमा राखिने गरिएको,बिभिन्न पत्रपत्रिकामा अनलाइन प्रकाशित गरि कार्यक्रम संग सम्बन्धित गतिविधिहरु अनुकुल समयमा अध्यावधिक गरे पश्चात वेबसाइटमा अपलोड गरि सरोकारवाला र अन्य निकायमा प्रचारप्रसारका विभिन्न माध्यमवाट समेत निरन्तर सूचना प्रवाह गर्ने गरिएको ।